# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः ७, जेठ २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।२।२२

**प्रस्तावना**ः व्यास नगरपालिका भित्र मासुजन्य पशुपंक्षीको उत्पादनमा वृद्धि गरी व्यवसायलाई दिगो रुपमा अगाडि बढाउन प्रोत्साहन गर्दै सहकारी संस्था मार्फत खसी/बोका लगायत माछा, मासु बिक्री गर्ने सदस्य कृषकहरुलाई उत्पादनको तौलमा आधारित रही प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ र कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि २०७७ को दफा १४ (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) “अनुदान” भन्नाले कृषकलाई कृषि व्यवसाय गरे वापत संघ, प्रदेश, नगरपालिका वा अन्य निकायबाट प्रदान गरिने नगद वा जिन्सी सामान सम्झनुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ग) “नगर सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(घ) “निर्देशिका” भन्नाले व्यास नगरपालिकाको सहकारी माफर्त मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका, २०७७” सम्झनुपर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) “बोर्ड सदस्य” भन्नाले व्यास नगर कार्यपालिकाका बोर्ड सदस्य सम्झनुपर्छ ।

(छ) “मासु” भन्नाले व्यास नगरपालिकाबाट उत्पादन हुने माछा, खसी, बोका, खरायो, कुखुरा, बंगुर, सुगुर, राँगो लगायतका पशुपंक्षी, माछाजन्य वस्तु सम्झनुपर्छ ।

३. **उद्देश्यः** (१) अनुदान वितरण नीतिलाई प्रकृयामूखीबाट परिणाममूखी तर्फ लैजाने ।

(२) मासु उत्पादनलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने साथै बाखाको मासु उत्पादनमा वृद्धि गर्ने ।

(३) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

(४) साना कृषकहरुको समेत उत्पादनलाई सहकारी मार्फत संगठित बजारमा प्रवाह गर्ने ।

(५) नगरपालिकाको प्रतिवद्धता अनुरुप मासुमा आत्म निर्भरताको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

(६) मासु उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

४. **कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रमको अवधि आ.व.२०७६।०७७ र २०७७।०७८ गरी २ वर्षको हुनेछ । अन्य वर्षहरुमा नगर सभाले निर्णय गरी अवधि विस्तार गर्न सक्नेछ ।

५. **कार्य सञ्चालन प्रकृयाः** (१) नगरपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने मासु उत्पादन र बिक्री गर्ने सहकारी संस्थाहरुका लागि अनुसूची १ बमोजिम सूचीकृत हुन प्रस्ताव आव्हान गर्नेछ । नगरपालिकाले सहकारी मार्फत बिक्री हुने मासुको अनुदान स्रोतका आधारमा सर्वप्रथम मासुजन्य पशुपंक्षी उत्पादन र बिक्रीमा अनुदान प्रदान गर्नेछ र त्यसलाई विस्तार गर्दै लगिने छ ।

(२) यस कार्यक्रममा सम्मिलित हुन उपदफा (३) बमोजिमको मापदण्ड पुरा गरेका ईच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूची २ बमोजिमको निवेदन नगरपालिकाको पशु विकास उपशाखामा दिनुपर्नेछ ।

(३) सहकारीको मापदण्ड देहाय बमोजिम हुनेछः

(क) मासिक कम्तीमा कुल २०० के.जी. तौल बराबरको कारोबार गर्ने गरेको ।

(ख) स्थायी लेखा नम्बर र सहकारी दर्ता प्रमाणपत्र प्राप्त गरेको ।

(ग) नियमित रुपमा साधारण सभा र लेखा परीक्षण गर्ने गरेको ।

(घ) सम्बन्धित वडाको सिफारिस संलग्न गरेको ।

(ङ) पुरानो आवेदक सहकारीको हकमा गतवर्षमा मासुजन्य पशुपंक्षीको कारोबार गरेको अभिलेख पेश गर्नुपर्नेछ ।

(च) सहकारीमा आवद्ध सबै कृषकहरुले मासुजन्य पशुपंक्षीको लगायतको बिमा गरेको हुनुपर्नेछ ।

(छ) सहकारीले कारोबार गर्ने गरेको मासुजन्य पशुपंक्षी पूर्ण रुपमा स्वस्थ भएको हुनुपर्नेछ ।

(ज) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गरेको हुनुपर्नेछ ।

झ) सम्बन्धित सहकारीले आफूमा आवद्ध भएका सदस्य कृषकहरुसँग भएको मासुजन्य पशुपंक्षीको तथ्याङ्क नियमित रुपमा पेश गर्नुपर्नेछ ।

ञ) सम्बन्धित सहकारीले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ ।

(ट) सहकारी संस्थाहरुले संस्थागत रुपमा मासुजन्य पशुपंक्षीको खरिद बिक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ र मासुजन्य पशुपंक्षीको उचित तौल लिने र अभिलेख राख्ने व्यवस्था भएको हुनुपर्नेछ ।

(ठ) सहकारीले आफूमा आवद्ध भएका कृषकहरु भन्दा बाहेक अरुसँग खरिद बिक्री वा सदस्य कृषकहरुले अरुसँग खरिद गरी सहकारी मार्फत बिक्री गरेर अनुदानमा पेश गरिने अभिलेखमा समावेश गर्न पाउने छैन ।

(४) मूल्याङ्कन समितिले उपदफा (३) अनुसार नगरपालिकामा प्राप्त भएका निवेदन मध्ये न्यूनत्तम मापदण्ड पुरा गरेको सहकारी संस्थालाई प्रथम चरणमा छनौट गरी प्राथमिकतामा राखी नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

(५) सहकारी संस्थाका आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि तपसिल अनुसारको मूल्याङ्कन समिति रहनेछः

(क) नगरपालिका बोर्ड सदस्यहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेको -संयोजक

(ख) आर्थिक पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ग) कृषि, पशु तथा सहकारी विकास सम्बन्धी ज्ञान भएको नगर सभा सदस्य मध्येबाट १ जना -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक अधिकृत कर्मचारी-सदस्य

(ङ) पशु विकास उपशाखा प्रमुख -सदस्य सचिव

(६) उपदफा ३ अनुसारको मूल्याङ्कन समितिले पर्न आएका निवेदनहरुको अनुसूची ३ अनुसारको आधारमा मूल्याङ्कन गरी अनुदान उपलब्ध गराउन नगरपालिकामा सिफारिस पेश गर्नुपर्नेछ ।

(७) अनुदानको लागि छनौट भएका मासु उत्पादक सहकारी संस्थासँग नगरपालिकाले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ ।

(८) सम्झौता पछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रही चौमासिक रुपमा सहकारीको बैंक खातामा नगरपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।

(९) सहकारीले आफूमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको बैंक/वित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण नगरपालिकाको पशु विकास उपशाखामा पेश गर्नुपर्नेछ ।

६. **मासु उत्पादन र बजारीकरणको आधारमा अनुदान कार्यक्रम कार्यान्वयनः** (१) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका सहकारीहरुको नगर कार्यपालिकाद्वारा अन्तिम छनौट गरी प्रति किलो दश रुपैयाँका दरले अनुदान रकम उपलब्ध गराइने छ । यसरी उपलब्ध गराउने अनुदान रकम नगर सभाले तोके अनुसार हुनेछ ।

(२) कार्यक्रमको अनुगमन एवं प्रभावकारिता अध्ययन र प्रतिवेदन कार्यक्रमको कार्यान्वयन अनुसूची ५ बमोजिम गराउनुपर्नेछ ।

७. **आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोवार गर्दा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको आर्थिक ऐन नियम अनुसार हुनेछ ।

८. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** यस कार्यक्रमको अनुगमन नगरपालिका अनुगमन समितिले गर्नेछ र सोको मासिक प्रतिवेदन र प्रगति तयार गर्नेछ । चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु तयार गर्नेछ ।

९. **थपघट वा हेरफेर गर्न सक्नेः** (१) यो निर्देशिकाको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

(३) यो निर्देशिका कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ ।

**अनुसूची १**
**(दफा ५ को उपदफा १ सँग सम्बन्धित)**

**सहकारी माफर्त मासु उत्पादन र विक्रीमा आधारित अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक मासु उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आब्हान**

नगरपालिकाको आ.व.२० / को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मासु उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका मासुजन्य पशुपंक्षी पालक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक मासु उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ अनुसारको निवेदन नगरपालिकाको पशु विकास उपशाखामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि नगरपालिकाको पशु विकास उपशाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ

अनुसूची २

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

**सहकारी संस्थाले दिने आवेदन पत्रको ढाँचा**

मितिः २०   ।   ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
व्यास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली ,तनहुँ

**विषयः मासु उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति ............................ मा प्रकाशित सूचना अनुसार यस .................... सहकारी संस्था लि.ले उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

**तपसिल**

१. कूल सदस्य संख्याः ......................
२. गतवर्ष कुल मासु खरिद बिक्री गोटा/के.जी. (औषत मासिक ....... / ....... गोटा/के.जी. र वार्षिक ....... / ....... गोटा/के.जी.)
३. गतवर्ष कुल अधिकत्तम मासु खरिद बिक्री ....... महिना, .............. गोटा/के.जी.
४. गतवर्ष कुल न्यूनत्तम मासु खरिद बिक्रीः ....... महिना, ..............गोटा/के.जी.
५. संस्थाबाट खरिद गरिएको मासु बिक्री गरिने संस्था/आयोजना आदिको नाम र ठेगानाः
   (क) ............................
   (ख) ............................
६. तौल लिन डिजिटल मेसिन प्रयोग भएको/नभएको
७. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण
८. रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएको
९. मासुजन्य पशुपंक्षीको सामान्य स्वास्थ्य परीक्षण गरी खरिद बिक्री गर्ने गरेको/नगरेको
१०. संस्थामा खरिद गरिएको मासुजन्य पशुपंक्षी राख्ने राम्रो व्यवस्था भएको/नभएको
११. सदस्य कृषकहरुसँग भएको मासुजन्य पशुपंक्षीको तथ्याङ्क
१२. सहकारी दर्ता/नवीकरणको प्रमाणपत्र
१३. कुनै प्रकारको कारवाहीमा नपरेको बारेको स्वघोषणा
१४. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड
१५. कर चुक्ता प्रमाणपत्र
१६. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि

अनुसूची ३

(दफा ५ को उपदफा ६ सँग सम्बन्धित)

**कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु**

| क्र. सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कृषि क्षेत्रमा लगानी र अनुभव (२५) | मासु उत्पादक कृषक सदस्य संख्या (२५)+ | मासिक मासु खरिद बिक्री गरेको परिमाण के.जी. (२५)* | तौल र अभिलेख व्यवस्थापन (२५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

+ ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनुपर्नेछ ।

*मासिक कम्तीमा २०० के.जी.देखि ४०० के.जी. सम्म मासु खरिद बिक्री गर्ने सहकारीलाई २० अङ्क र ४०० के.जी. देखि माथि खरिद बिक्री गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनुपर्नेछ ।

मूल्याङ्कन समितिका पदाधिकारीहरुको:

| क्र.सं. | नाम थरः | कार्यालय/ठेगाना | पदः | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

अनुसूची ४

(दफा ५ को उपदफा ७ सँग सम्बन्धित)

नगरपालिका र सहकारी संस्था बिच हुने सम्झौताको ढाँचा

व्यास नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र मासु उत्पादक सहकारी संस्था ............................................ (यसपछि दोश्रो पक्ष भनिने) बिच मासु उत्पादन र बिक्रीका आधारमा अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

**तपसिल**

१. दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा एक पटकका दरले वर्षमा ३ पटक स्वीकृत भए अनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने र औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य मासु उत्पादन हुने मासुजन्य पशुपंक्षी खरिद बिक्रीमा रोक लगाउने, फार्ममा जैविक सुरक्षाको व्यवस्था मिलाउने, राम्रो व्यवस्थापन गरी स्वस्थ मासुको उत्पादन र सुधारिएको खोरको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असुल उपर गर्न सक्नेछ ।

५. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| छापः | छापः |

| **रोहवर** | **रोहवर** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्वत् .............. साल .............. महिना ....... गते रोज ....... शुभम् ।

अनुसूची ५

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

आधारभूत सर्भेक्षणका लागी नमूना फाराम

अनुदानग्राहीको नामथर, ठेगाना:
परिवार संख्या:

**मासु तथा उत्पादन विवरण:**

१. खसी/बोकातर्फ

| क.सं. | विवरण | माउ बाख्रा | बोका | खसी | पाठा | | पाठी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ६ महिना मुनी | १ वर्ष मुनी | ६ महिना मुनी | १ वर्ष मुनी |
| १. | स्थानीय | | | | | | | |
| | उन्नत | | | | | | | |
| जम्मा | | | | | | | | |
| २. | औषत वार्षिक खसी/बोका तथा मासु उत्पादन: | | | | | | | |
| ३. | औषत वार्षिक बाख्रा पालन व्यवसायबाट आम्दानी: | | | | | | | |
| | खसी/बोका बिक्री: | | पाठा/पाठी बिक्री: | | | | मल बिक्री: | |

२. राँगो/पाडातर्फ

| क.सं. | विवरण | भैंसी | राँगो | वहर राँगो | कोरेली | पाडा | पाडी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय | | | | | | | |
| | उन्नत | | | | | | | |
| जम्मा | | | | | | | | |
| २. | औषत वार्षिक राँगा/पाडा तथा मासु उत्पादन: | | | | | | | |
| ३. | औषत वार्षिक भैंसी पालन व्यवसायबाट आम्दानी: | | | | | | | |
| | दुध बिक्री: | राँगो बिक्री: | | | पाडा/पाडी बिक्री: | | मल बिक्री: | |

**३. बंगुरतर्फ**

| क.सं. | विवरण | माउ | बाले खसी | छतौरा | छतौरी | पाठा | पाठी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ वर्ष मुनी | १ वर्ष मुनी | ६ महिना मुनी | ६ महिना मुनी | |
| १. | स्थानीय | | | | | | | |
| | उन्नत | | | | | | | |
| जम्मा | | | | | | | | |
| २. | औषत वार्षिक भाले/खसी तथा मासु उत्पादन: | | | | | | | |
| ३. | औषत वार्षिक बंगुर पालन व्यवसायबाट आम्दानी: | | | | | | | |
| | भाले खसी बिक्री: | | छतौरा/छतौरी बिक्री: | | | पाठा/पाठी बिक्री: | | |

**४. कुखुरातर्फ**

| क.सं. | विवरण | भाले | पोथी | चल्ला | जम्मा |
|---|---|---|---|---|---|
| १. | स्थानीय | | | | |
| | उन्नत | | | | |
| | कमर्सियल लेयर्स | | | | |
| | कमर्सियल ब्रोइलर्स | | | | |
| | अन्य | | | | |
| जम्मा | | | | | |
| | औषत वार्षिक कुखुरा बिक्री तथा मासु उत्पादनः | | | | |
| | औषत वार्षिक कुखुरा पालन व्यवसायबाट आम्दानीः | | | | |
| | कुखुरा बिक्रीः | चल्ला बिक्रीः | अण्डा बिक्रीः | मल बिक्रीः | |

**५. माछातर्फ**

| क.सं. | विवरण | |
|---|---|---|
| १. | पोखरी संख्या | |
| | पोखरीको क्षेत्रफल | |
| | माछाको भुरा संख्या | |
| | जम्मा माछा संख्या | |
| ३ | औषत वार्षिक माछा पालन व्यवसायबाट आम्दानीः | |
| | माछाको भुरा उत्पादन (संख्या)ः | माछा उत्पादन (के.जी)ः |

**गोठ/खोरको अवस्था**

-जमिन कठ्ठा वा रोपनीमा
-घाँस लगाएको क्षेत्रफल .......... घाँसको किसिम ............ परिमाण
-सिंचाईको व्यवस्था ........
-स्वास्थ्य सम्बन्धी मुख्य समस्याहरु ............
-पशुधनको क्षति .........
-खोपको प्रयोग भएको भए कुन खोप ................... कहिले .......
-परजिवी बिरुद्धको औषधी ................ के ....... .... कहिले .........
-पशु बिमाको विवरण ................
-क्षतिपूर्ति लिएको भए विवरण ..............

**अनुदान सम्बन्धी**

-प्राप्त गरेको भए के ....... कति ........ कहाँबाट ....... अनुदान लगानी भएको विवरण .....
-अनुदान सम्बन्धी धारणा ......... लगानीमा दिइने अनुदान र उत्पादनमा दिइने अनुदान बारे
-अनुदान सम्बन्धी सुझाव ...............................
-अनुदानबाट प्राप्त आम्दानी .........
-अनुदानबाट प्राप्त सन्तुष्टि ......... धेरै ......... ठिक्क .......... कम .........

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत